का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ८३

❒ २८ बैशाख २०७७, आइतबार

❒ 10 May 2020, Sunday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेटः शनिबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | १०९ जना | ३१ जना | १६३०९ | १४३ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ४० लाख ४२ हजार | १४ लाख ४ हजार | २ लाख ७७ हजार | २३ लाख ६१ हजार |




# बल्झिरहने चोट

## ■ सरकारद्वारा भारतीय कदमको कडा आपत्ति

नेपाली भूमी लिपुलेक अतिक्रमण गरी भारतले मानसरोवर जोड्ने सडक बनाएकोमा नेपाल सरकार, विद्यार्थी, नागरिक समाज लगायतले आपत्ति जनाएका छन् । विद्यार्थी संगठनहरूले भारतीय दूतावास अगाडि प्रदर्शन नै गरेका छन् ।



"नेपालको भूभागलाइ भारतीय नक्सामा पारिएकोमा नेपालले आपत्ति जनाइरहेकै बेला लिपुलेकमा सडक उद्घाटन हुँदा दुखित तुल्याएको छ ।"

■ **प्रदीपकुमार ज्ञवाली**
परराष्ट्रमन्त्री



भारतको पिथौरागढ जिल्लाको गर्वाधारबाट शुरू भई नेपालको कालापानी लिपुलेक हुँदै चीनको मानसरोवर जोड्ने गरी भारतले निर्माण गरेको विवादित सडक । शुक्रबार उद्घाटन गरिएको कुल ७८ किलोमिटर लामोसडक नेपालको कालापानी, लिपुलेक र नावीढांग क्षेत्रमा पर्दछ । *तस्वीरः नरेन्द्रसिह कार्की*



"नेपाली भूमिमा सडक बनाई शुक्रबार उद्घाटन गरेको कार्यप्रति घोर आपत्ति प्रकट गर्दै भर्त्सना गर्दछु ।"

■ **नारायणकाजी श्रेष्ठ**
पूर्व परराष्ट्रमन्त्री



"भारत सरकारलाई बिरोधपत्र पठाउन, भारतीय राजदूतलाई बोलाई बिरोध जनाउन र राष्ट्रिय सहमति कायम गरी राष्ट्रसंघमा आवाज उठाउने लगायत अन्य कदम चाल्न सरकारसँग आग्रह गर्दछु ।"

■ **कमल थापा**
पूर्व परराष्ट्रमन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ वैशाख ।

भारतीय गृहमन्त्री राजनाथ सिंहले नेपालको भूमि लिपुलेक भएर बनाइएको सडक उद्घाटन गरेपछि नेपाल सरकारले कडा आपत्ति जनाएको छ । गएको नोभेम्बरमा मात्रै भारतले राजनीतिक नक्सा सार्वजनिक गर्दै नेपालको भूभाग अतिक्रमण गरेको थियो । फेरि अहिले तिनै भूगोल भएर मानसरोवर जोड्ने सडक निर्माण गरेपछि नेपाल सरकारले कडा आपत्ति जनाएको छ ।

शनिबार परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै आपत्ति जनाएको हो । बक्तव्यमा पाँच महिनामा नेपालले कूटनीतिक प्रयास जारी राखेको सन्दर्भ उल्लेख गर्दै आफ्नो भूमि नछोड्ने प्रस्ट पारेको छ। मन्त्रालयले भारतले एक पक्षीय रुपमा गरेको निर्णय गलत भएको विज्ञप्तिमा उल्लेख गरेको छ । पहिलो आफ्नो देशको नक्सा भनी अतिक्रमण गरेको र अहिले फेरि कोभिड-१९ को महामारीको मौका पारेर सडक बनाएको छ । नेपाल, भारत सहित विश्वका देशहरुले महामारी विरुद्ध लडिरहेको छ । यसैबेला जारी लकडाउनको अवसर पारेर भारतले सडक बनाएको सार्वजनिक भएको छ।

परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री स्तरमा नक्साबारे छलफल भइरहेका बेला सडक नै निर्माण गर्नुलाई दुखद् भनेको छ। सरकारले दुई देश बीचको सम्बन्ध नयाँ उचाइमा लैजान यो कदम सच्याउन आग्रह समेत गरेको छ । नेपाली भूमी लिपुलेक अतिक्रमण गरी भारतले मानसरोवर जोड्ने सडक बनाएकोमा नेपाल सरकार, विद्यार्थी, नागरिक समाज लगायतले आपत्ति जनाएका छन्। विद्यार्थी संगठनहरुले भारतीय दूतावास अगाडि प्रदर्शन नै गरेका छन् । लैनचौंरस्थित दूतावास अगाडि प्रदर्शन गर्न गएका अनेरास्ववियुका नेताहरुलाई प्रहरीले पक्राउ गरेको छ।

### लिपुलेक

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले यो घटना दुखद् भएको प्रतिक्रिया दिएका छन्। उनले नेपालको भूभागलाइ भारतीय नक्सामा पारिएकोमा नेपालले आपत्ति जनाइरहेकै बेला लिपुलेकमा सडक उद्घाटन हुँदा दुखित तुल्याएको बताएका हुन् । अतिक्रमित भूमि फिर्ता गराउन दलहरु समेत एक ठाउँ उभिएका छन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का प्रवक्ता नारायणकाजी श्रेष्ठले नेपाली भूमिमा भारतले सडक बनाएको विषयमा सरकारले तत्काल कदम चाल्नुपर्ने बताएका छन् ।

पूर्व परराष्ट्रमन्त्री श्रेष्ठले भारतले अनधिकृतरुपमा कब्जा गरेको र आफैंले समेत विवादित भनी स्वीकार गरेको पश्चिम सीमाक्षेत्रमा सडक बनाएकामा आपत्ति प्रकट गरे ।

सामाजिक सञ्जाल ट्वीटरमा ट्वीट गर्दै प्रवक्ता श्रेष्ठले भने, "नेपाली भूमिमा सडक बनाई शुक्रबार उद्धाटन गरेको कार्यप्रति घोर आपत्ति प्रकट गर्दै भर्त्सना गर्दछु ।" पूर्व परराष्ट्रमन्त्री कमल थापाले सरकारको बक्तव्यको स्वागत गर्दै थप कदम चाल्न आग्रह गरेका छन् ।

उनले लेखेका छन्, "नेपाली भूमी अतिक्रमण गरी बाटो बनाउने भारतीय मिचाहा प्रवृत्ति बिरुद्ध सरकारको वक्तव्य सही छ । सो भावना अनुरुप भारत सरकारलाई बिरोधपत्र पठाउन, भारतीय राजदूतलाई बोलाई बिरोध जनाउन र राष्ट्रिय सहमति कायम गरी राष्ट्रसंघमा आवाज उठाउने लगायत अन्य कदम चाल्न सरकारसँग आग्रह गर्दछु।"



प्रदर्शनमा उत्रिएका विद्यार्थीहरूलाई पक्राउ गर्दै प्रहरी

*तस्विर : यशु लामाको फेसबुकबाट*

# दशगजामा बास

मजदुरीका लागि भारत पुगेका नेपालीहरुलाई भारतीय प्रहरीले बस्न नदिएपछि दशगजामा बास बस्न बाध्यहरुको कहर बद्दो छ।

**मध्यान्ह संवाददाता**
बाके, २७ वैशाख ।

भारतमा कोरोना सङ्क्रमण फैलिएपछि नेपाल सरकारले भारतबाट कुनै पनि व्यक्ति नेपाल प्रवेश गर्न नपाउने निर्देशन दिए पनि गत साता भारत महाराष्ट्र, झाँसी, कानपुर, दिल्ली र पञ्जाववाट लुकिछिपी २१ कामदार नरैनापुर फर्किए ।

भारत श्रावस्ती जिल्ला भिन्गास्थित क्वारेन्टाइनले उनीहरुलाई राख्न नमानेपछि भारतीय प्रहरीले नरैनापुर गाउँपालिका-१ सुइँया नाकाबाट उनीहरुलाई नेपाल प्रवेश गरायो ।

'मजदूर फर्किएको सूचना प्राप्त हुनेबित्तिकै नरैनापुर गाउँपालिकाले उनीहरुलाई आदर्श मावि लक्ष्मणपुरमा रहेको क्वारेन्टाइनमा राखेको थियो', गाउँपालिका अध्यक्ष इस्तियाक अहमद शाहले भने, 'तर सशस्त्र प्रहरीले २१ जनालाई लगेर दशगजामा राखेको छ ।'

भारतमा रोजगारी गरी घर फर्कने मजदूरको अवैध प्रवेशका कारण भारतसँग सीमा जोडिएको नरैनापुरमा कोरोना सङ्क्रमणको जोखिम उच्च रहेको अध्यक्ष शाहले बताए। भारतबाट आएर दशगजाबाट लुकीछिपी आफ्नो गाउँघर पुग्न खोज्ने युवालाई प्रहरीले दशगजामै छेक्ने गरेको छ । कामदारका परिवारले उनीहरुलाई क्वारेन्टाइनमा बाँकी पृष्ठ २ मा

# नेपाली कामदारमा संक्रमणको क्रम बढ्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ वैशाख

वैदेशिक रोजगारीमा रहेका नेपाली कामदार कोरोना भाइरस (कोभिड १९) बाट संक्रमित हुनेक्रम बढीरहेको छ । मलेसियाको स्वास्थ्य विभागका अनुसार पेडास र रिमबु क्षेत्रमा शुक्रवार र शनिवार गरी ३३ नेपाली कामदारमा कोरोना भाइरस पोजेटिभ देखिएको त्यहाँको स्वास्थ्य सेवा विभागमा महानिर्देशक दातुक डा.नुर हासिम अब्दुल्लाहले बताएका छन् ।

नेपाली दूतावासले भने हालसम्म २० नेपालीमा कोरोना संक्रमित रहेको भन्दै त्यसको आधिकारीक जानकारी दिई सकेको छैन । त्यस क्षेत्रमा शुक्रवार २५ जना नेपाली संक्रमित देखिएको सार्वजनिक भएको थियो । त्यसअघि बिहीबार मलेसियाको पेतालिङ जायास्थित चेरस सपिङ मलमा खटिएका नौ जना नेपाली सुरक्षा गार्डमा कोरोना पोजेटिभ पाइएको थियो । त्यसपछि मलेसियामा सबै विदेशी सुरक्षागार्डको कोरोना भाइरस (कोभिड-१९) को स्वाब परीक्षण शुरु गरिएको छ ।

सपिङ मलमा आउने ग्राहकहरुलाई सुरक्षागार्डहरुले नै सेनिटाईजर प्रदान गर्ने भएकाले उनीहरु संक्रमण मुक्त हुनु अनिवार्य भन्दै सबै विदेश सुरक्षागार्डहरुको स्वाब परीक्षण गर्न मानव संशाधन मन्त्रालयलाई निर्देशन दिएको हो । मलेसियामा शनिबारसम्म कोरोना भाइरस संक्रमितहरुको संख्या ६ हजार ५ सय ८९ पुगेको छ भने मृत्यु हुनेको संख्या १ सय ८ रहेको छ । मलेसियामा यसअघि तीन नेपालीमा संक्रमण देखिएको थियो । त्यसमध्ये दुई नेपाली उपचारपछि फर्किएका छन्। एक जना उपचाररत रहेका छन् । मलेसियामा करिब ५ लाख नेपाली रहेको अनुमान छ । मलेसियामा एक जना कोरोना संक्रमितको उपचारमा करीव बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## रोजगारी गुमाएका ९४ कामदारले पाए सवा करोड

**काठमाडौं/मस–** विचैमा रोजगारी गुमाएका कतारका दुई कम्पनीबाट ९४ नेपाली कामदारले तलव तथा क्षतिपूर्ति वापत करीव सवा करोड रुपैयाँ पाएका छन् । गत मार्च महिनामा कतारको अल बण्डारी ईन्जिनियरिङ ट्रेडिङ कन्ट्र्याक्टिङ कम्पनीमा कार्यरत ८४ र आल्मुनियम गल्फ रे कम्पनीमा कार्यरत १० गरी ९४ जनाको बाँकी तलव र सुविधा नेपाली दूतावासको पहलमा उपलब्ध गराइएको हो । नेपाली दूतावासले तवल वापतको ३ लाख ४६ हजार ३ सय २० र सुविधा वापतको २६ हजार ८ सय १ गरी ३७ लाख ३ हजार १ सय २० कतारी रियाल उपलब्ध भएको र कन्सुलर कार्यालय काठमाडौं पठाएको बताएको छ । शनिबारको विनिमय दर अनुसार उक्त रकम १ करोड २४ लाख १७ हजार ४ सय ४४ हुन आउँछ। ती दुबै कम्पनीमा रोजगारी गुमाएका नेपाली कामदारहरुलाई यसअघि नै नेपाल आइसकेका छन् ।

## दशगजामा २५ सय नेपाली अलपत्र, भन्छन्–

# 'भारतले जा भन्छ, नेपाल प्रहरीले बाटो छेक्छ'

**इमरान खान/मध्यान्ह**
बुटवल, २७ बैशाख



भारतसँग सीमा जोडिएका रुपन्देही र कपिलवस्तुका विभिन्न नाकामा झण्डै २५ सय जना नेपाली अलपत्र परेका छन् । भारतका विभिन्न शहरमा रोजगारी गरेर स्वदेश फर्कने क्रममा लकडाउनमा परेर भारतीय क्वारेन्टाइनमा २४ दिन बसेका उनीहरू अझै स्वदेश फर्कन पाएका छैनन् । रुपन्देहीको बेलहिया नाका हुँदै नेपालका विभिन्न जिल्ला आउनुपर्ने एक हजार तीन सय बढी नेपाली नौतनवामा रोकिएका छन् । उनीहरुमध्ये धेरैजसोले नौतनवाको क्वारेन्टाइनमा २४ दिनको बसाई पूरा गरेका छन् ।

यस्तै कपिलवस्तुका मर्यादपुर, चाकरचौडा, कृष्णनगर र हर्दौना लगायतका नाकामा स्वदेश फर्कनुपर्ने झण्डै एक हजार नेपाली चार दिनदेखि अलपत्र परेका छन् । कपिलवस्तुको सीमा क्षेत्रमा अलपत्र परेकाहरु भारतीय भूमिमा टेण्टमुनी असुरक्षित तरिकाले रात गुजारिरहेका छन् । कतिपयभने लुकिछिपी नेपाल भित्रिरहेका छन् ।

'भारतीय पक्षले करिब तेह्र सय जना नेपाली नौतनवाको क्वारेन्टाइनमा रहेको र उनीहरु सुनौली हुँदै नेपाल जानेहरु हुन् भनेको छ,' रुपन्देही प्रहरी प्रमुख एसपी हेमकुमार थापाले भने, 'आज मात्रै ७५ जना सुनौली आइपुगेका थिए, उनीहरुलाई पुनः नौतनवाको क्वारेन्टाइनमा पठाएका छौं ।'

भारतीय पक्षले क्वारेन्टाइन बसाई पूरा गरेका नेपालीहरुलाई स्वदेश जान दवाब दिएको र आफूहरुलाई घर फर्कन वातावरण बनाइदिन हारगुहार गरेको बेलहियाका समाजसेवी लुम्बिनी खुकुरी क्लबका अध्यक्ष रामबहादुर बस्नेतले बताए ।

नेपालीहरु घर फर्कन चाहेका र समस्यामा परेका गुनासो आएका छन्, तर दुबै देशका सरकार तहबाट निर्णय नभएसम्म आफूहरुले नेपाल प्रवेश गर्न दिन नमिल्ने प्रहरी प्रमुख थापाले बताए । लुकिछिपी नेपाल फर्कन खोजेर सीमासम्म आउने नेपालीलाई भारतीय प्रहरीसंग समन्वय गरी पुनः क्वारेन्टाइनमा पठाउनुबाहेक अरु विकल्प आफूहरुसँग नभएको एसपी थापाले स्वीकारे ।

कपिलवस्तुका प्रहरी प्रमुख दीपशमशेर जबराले अलपत्र नेपालीले भारतीय पक्षले घर जान दवाव दिएकाले सीमा क्षेत्रसम्म आइपुगेको गुनासो प्रहरीसंग गरेको तर आफूहरुले रोकेको बताए । 'घर फर्कन चाहने नेपालीहरु सीमामा अलपत्र परेको सत्य हो,' जबराले भने, 'तर सरकारले निर्णय नगरेसम्म हामीले दयामाया मानेर आउन दिने कुरा भएन ।'

प्रहरीले नेपालीलाई सीमा क्षेत्रमै रोकेको दाबी गरे पनि दैनिक ३-४ सयको संख्यामा नेपालीहरु रातारात खुला सीमाको फाइदा उठाउँदै जिल्ला प्रवेश गर्ने गरेका तौलिहवाका पत्रकार दीलिप यादव बताउँछन् । भारतका क्वारेन्टाइनमा रहेका नेपालीहरुलाई विभिन्न स्थानमा भारतीय पक्षले 'हामी पाल्न सक्दैनौं, आफ्नो देश जाऊ' भनेर दुर्व्यवहारसमेत गर्न थालेका छन् ।

शुक्रबार प्रतिनिधिसभामा विपक्षी दलका सांसदहरुले समेत सरकारको ध्यानाकर्षण गराउँदै आफ्ना नागरिकलाई सुरक्षित तरिकाले स्वदेश आउने वातावरण बनाउन माग गरेका छन् ।

## सञ्चार केन्द्र नेपालको सञ्चारकर्मीहरुलाई निःशुल्क दन्तसेवा



**काठमाडौं/मस–** तराई विकास तथा सञ्चार केन्द्र नेपालद्वारा सञ्चालित सञ्चार केन्द्र नेपालले कोरोनाको बेला पनि उच्च जोखिम मोलेर समाचार संकलनमा खटिने सञ्चारकर्मीहरु र रौतहटवासीलाई निःशुल्क दन्त सेवा प्रदान गर्ने भएको छ । ओम डेण्टल समाज होमको सहयोगमा सञ्चारकर्मीहरुलाई उक्त सेवा प्रदान गर्न लागिएको हो ।

पूर्वप्रधानमन्त्री तथा वरिष्ठ नेता माधवकुमार नेपालले स्टलको उद्घाटन गर्दै कोरोना भाइरस (कोभिड १९)को संन्त्रासका बीच पनि समाचार संकलनका लागि फ्रन्टलाइनमा खटिने सञ्चारकर्मीहरुलाई निःशुल्क दन्त सेवा उपलब्ध गराउने कार्य सह्रानिय भएको बताउँदै कार्यक्रमको आयोजना गर्ने सञ्चार केन्द्र नेपाल र ओम डेण्टल समाज होमलाई धन्यवाद दिए ।

मुखको सफाईले कोरोना नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने बताउँदै नेता नेपालले सञ्चारकर्मीहरुलाई ध्यानमा राखेर उपचार कार्यक्रमको आयोजना गर्नु उपयुक्त समयमा महत्वपूर्ण कार्य भएको बताए ।

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट नेपाल कम संक्रमित भएको देशका रुपमा रहनु सुखद भएको बताउँदै भावी दिनमा समेत संकट टार्नको लागि सबैले सचेतना अपनाउन आग्रह गरे ।

अहिलेको अवस्थमा कोरोना नियन्त्रणमा सरकारले चालेका कदमहरु प्रभावकारी भएको भन्दै यसलाई थप प्रभावकारी बनाउन जरुरी भएको नेता नेपालको भनाइ थियो ।

कार्यक्रममा ओम डेण्टल समाज होमका डाक्टर सुवास घिमिरेले केही गरौं भन्ने भावनाका साथ आफूँहरुले निशुल्क रुपमा यो सेवा प्रदान गरेको बताए । आफूहरुले विगतमा पनि मुलुक संकटमा पर्दा सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएको जानकारी गराए ।

कार्यक्रममा वरिष्ठ पत्रकारहरु पुरु रिसाल, तीर्थ कोइराला, शम्भु श्रेष्ठ, बालकृष्ण बस्नेत, दामोदर दवाडी, सागर पण्डितसहित दुई दर्जन पत्रकारहरुले दाँतको उपचार गराएका थिए । सो क्रममा बोल्दै डा. घिमिरेले मानव स्वास्थ्यका लागि दाँत सफाई महत्वपूर्ण हुने भन्दै सफाईका तरिका समेत बताएका थिए ।

कार्यक्रममा सञ्चार केन्द्र नेपालका अध्यक्ष एवं नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य गोविन्दप्रसाद चौलागाईंले समाचार संकलनमा फ्रन्टलाइनमा खटिने सञ्चारकर्मीहरु र रौतहटबासीहरुसमेत लाभान्वित हुने गरि कार्यक्रम राखिएको बताए ।

**रौतहटबासीलाई राहत वितरण**

सोही कार्यक्रममा प्रमुख अतिथि नेता नेपालले रौतहट जिल्ला घर भई काठमाडौंमा बसोबास गर्ने ३५ परिवारलाई राहत प्रदान गरे । लामो समयदेखि लकडाउन भएपछि समस्यामा परेका रौतहटबासीलाई नेता नेपालले चामल, दाल, नुन, तेललगायतका खाद्यसामाग्री उपलब्ध गराएका हुन् । राहत वितरण कार्यक्रमको संयोजन पनि सञ्चार केन्द्र नेपालले गरेको थियो ।

# 'कोरोना रोकथाम र नियन्त्रणमा सबैको इमान्दार प्रयासको खाँचो'




**काठमाडौं/मस–** कोभिड-१९ क्राइसिस् मेनेजमेन्ट सेन्टर (सिसीएमसी- ओपिसी) को औपचारिक एप कोभिडएनपीको शुरुआत गरिएको छ । उपप्रधानमन्त्री पोखरेलले कोभिड- १९ महामारी रोकथाम, नियन्त्रण र प्रतिकार्यका लागि छाउनीमा स्थापना गरिएको सिसीएमसी सञ्चालन केन्द्रमा शनिबार आयोजित समारोहमा उक्त एपको डाउनलोड गरी उद्घाटन गरेका हुन् ।

सम्भावित बिरामीको पहिचान गरी समयमा नै द्रुत स्वास्थ्य परामर्शलगायत थप उपचारको व्यवस्थालाई सहज बनाउने उद्देश्यले उक्त एप प्रयोगमा ल्याइएको हो । जो कसैले पनि डाउनलोड गरी प्रयोग गर्नसक्ने उक्त एपबाट कोभिड- १९ रोगका लक्षण, सङ्क्रमणबाट जोगिन अपनाउनुपर्ने सतर्कता, स्वास्थ्य परीक्षणलगायतका विषयमा विस्तृत जानकारी प्राप्त हुनेछ ।

प्रयोग गर्ने व्यक्तिलाई सोधिएको प्रश्नका आधारमा प्राप्त उत्तरको मूल्याङ्कन गरी प्रयोगकर्तालाई हरियो, पहेँलो र रातो गरी तीन श्रेणीमा विभाजन गरी आवश्यकताअनुसार पत्ता लगाउन सक्ने व्यवस्था गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

सो अवसरमा कोभिड- १९ को विश्वव्यापी महामारी र नेपालको हालको अवस्था, सो को रोकथाम, नियन्त्रण र उपचारको व्यवस्थाका सम्बन्धमा भएर गरेका मुख्य कार्य, भावी रणनीति तथा कार्यनीतिबारे जानकारी दिइयो ।

समारोहमा रक्षामन्त्री पोखरेलले महामारी रोकथाम, नियन्त्रण र प्रतिकार्यलाई थप प्रभावकारी बनाउँदै परिस्थितिलाई सहज बनाउने कार्यतर्फ सबैको इमान्दार प्रयासको खाँचो औंल्याए । उनले भने, 'कोभिड- १९ बारे सूचना दिन बनाइएका एप आम नागरिकले सरल ढङ्गबाट थाहा पाउने, बुझ्ने र प्रयोग गर्नसक्ने हुनुपर्छ, गलत सूचना प्रवाह हुन नदिनेतर्फ सबै होसियार रहनुपर्छ ।'

कोभिडबारे यथार्थ जानकारी जनतालाई दिन जरुरी रहेको बताउँदै उपप्रधानमन्त्री पोखरेलले हरेक व्यक्तिले जानकारी होस् भन्ने हेतुले तयार गरिएको एपको प्रयोग गर्न, सही सूचना प्राप्त र प्रवाह गर्न सम्पूर्ण नागरिकलाई आह्वान गरे ।

उक्त एपमार्फत कोरोनासम्बन्धी आवश्यक जानकारी लिइ रोग नियन्त्रण र रोकथाममा सहयोग पुऱ्याउन आम नागरिकलाई अनुरोध गरिएको छ । उक्त एपमा राखिएका तथ्य तथ्याङ्क राष्ट्रिय सूचना केन्द्रमा समेत रहनेछन् । कोभिड- १९ का सम्बन्धमा तथ्यपरक र एकीकृत तथ्याङ्क राख्न एप फलदायी हुनेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव नारायणप्रसाद बिडारीले कोभिड- १९ सम्बन्धी जानकारी र सूचना एकीकृतरुपमा प्राप्त गर्न सकियोस् भन्ने हेतुले तयार गरिएको एपबाट प्रयोगमा सहज र सरल गराउने तथा दुरुपयोग नहोस् भन्नेमा उच्च सतर्कता हुन आवश्यक रहेको बताए ।

# सीमानाकाबाट फर्काइए १५ नेपाली

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २७ बैशाख



नवलपरासीको सीमानाकाबाट भारतबाट नेपाल छिर्ने क्रममा सशस्त्र प्रहरीले १५ जना नेपालीलाई भारत फिर्ता पठाएको छ ।

शुक्रवार भारतको मुम्बई, गुजरातबाट आएर नेपाल भित्रिन खोज्दा प्रतापपुर गाउँपालिकाको बसहिया भैरवपुर नाकाबाट ९ जना, धर्मौलीबाट १ जना, कठहवाबाट १ जना र सुस्ता गाउँपालिकाको बनकट्टी नाकाबाट ४ जना गरि कुल १५ जना खुल्ला सीमाबाट नेपाल प्रवेश गर्न खोज्दा सशस्त्र प्रहरीले फिर्ता पठाएको सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीका सशस्त्र प्रहरी निरिक्षक सुमन अधिकारीले बताए ।

उनीहरुलाई दशगजा नजिकैबाट नियन्त्रणमा लिई भारतीय सुरक्षाकर्मी एस.एस.बी. झुलनीपुरको जिम्मा लगाइएको सशस्त्र प्रहरीले जनाएको छ । जिम्मा लगाइएका १५ जनालाई भारतको महराजगंज जिल्ला स्थित निचलौल क्वारेन्टाइनमा राखिने बताइएको छ ।

# चिनियाँ नागरिकलाई अभद्र व्यवहारमा मुद्दा चलाइने



**काठमाडौं/मस–** सिंहदरबार अगाडि लकडाउन र निषेधित क्षेत्र तोड्दै प्रहरीमाथि नै हातपात गर्ने चार चिनियाँ नागरिकलाई अभद्र व्यवहारमा मुद्दा चलाइने भएको छ । महानगरीय प्रहरी परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्यामलाल ज्ञवालीले उनीहरुलाई आइतबार अभद्र व्यवहार मुद्दामा म्याद थप गरी अनुसन्धान गरिने जानकारी दिए । शुक्रबार अपराह्न बन्दाबन्दीका समयमा निषेधित क्षेत्रको उल्लंघन गरी प्रहरीमाथि आक्रमण गरेपछि उनीहरुलाई प्रहरीले पक्राउ गरेको थियो ।

परिसरका अनुसार गाभिड र लियो लाओलाई महानगरीय प्रहरी वृत्त दरबारमार्ग र ज्याङ जङ तथा गेगा न्यानीलाई सिंहदरबारस्थित वृत्तमा राखिएको छ । पक्राउ परेका अन्यलाई भने छाडिएको छ ।

उनीहरु घर जान पाउनुपर्ने माग राख्दै 'वी वान्ट टु गो ब्याक होम' लेखेको प्लेकार्ड बोकेर निषेधित क्षेत्र तोडी सिंहदरबारतर्फ आएका थिए । उनीहरूले प्रहरीको लाठी खोसेर प्रहरीलाई नै हिर्काएका थिए । त्यसको जवाफमा प्रहरीले पनि उनीहरूमाथि लाठी हानेको थियो ।

सोही क्रममा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतसहित पाँच प्रहरी र छ चिनियाँ घाइते भएका थिए ।

### दशगजामा...

राख्न अनुरोध गरे पनि आफूहरुलाई नेपाल भित्रिन नदिने निर्देशन भएकै कारण क्वारेन्टाइनमा राख्न नमिल्ने सशस्त्र प्रहरी बल गंगापुरका इन्चार्ज वीरेन्द्रबहादुर जिसीले बताए ।

'नेपाल प्रवेश गर्न नदिने निर्देशन विपरीत लुकीछिपी प्रवेश गरेको पाइएकोले उनीहरुलाई क्वारेन्टाइनमा राख्न मिलेन । हामीलाई प्रवेश गर्न नदिने निर्देशन छ ।', इन्चार्ज जिसीले भने, 'प्रवेश गर्न नदिने भनेपछि क्वारेन्टाइनमा राख्न दिने प्रश्न नै आउँदैन । यद्यपि यसअघिदेखि नै नरैनापुर गाउँपालिकाले भारतबाट आएका कामदारलाई क्वारेन्टाइनमा राखेर व्यवस्थापन गर्दै आएको छ ।'

भारतले उता बस्न नदिने र नेपालले दशगजाभित्र पस्न नदिने गरेकाले नेपाली पीडित बनेको नेपाली काँग्रेस क्षेत्र नं १ का नेता रामचन्द्र मौर्यको भनाइ छ । उनले भने, 'गाउँ फर्किनेहरु नेपाली नागरिक भएकाले उनीहरुको व्यवस्थापनको जिम्मा सरकारले लिनुपर्छ, पन्छिन मिल्दैन ।' प्रदेश नं ५ सरकारले मंगलबार नै एक सूचना जारी गरी सबै स्थानीय तहमा भारतबाट आउने कामदारलाई लक्ष्य गरेर उनीहरुको व्यवस्थापनका लागि थप क्वारेन्टाइन निर्माण गर्न निर्देशन समेत दिएको छ । 'केन्द्र सरकारले कुनै पनि व्यक्ति प्रवेश गर्न नपाउने सूचना जारी गरेको छ, यो आपसमा विवादित देखियो', गाउँपालिकाका अध्यक्ष शाहले भने, 'हामी व्यवस्थापनका लागि तयार छौं तर प्रहरीले सीमाबाट प्रवेश गर्न दिँदैन ।'

सीमा क्षेत्रमा अहिले पनि १०० भन्दा बढी कामदार अलपत्र अवस्थामा छन् । बुधबार राति नरैनापुर-५ का तीन कामदार पसेको सूचना आएपछि उनीहरुलाई प्रहरीले फेरि भारततर्फ फिर्ता पठाएको छ । 'भारतले दशगजासम्म आउन दिने तर नेपाल प्रहरीले नेपाल प्रवेशमा रोक लगाउनुहुँदैन', नरैनापुर गाउँपालिकाका सूचना अधिकारी लक्ष्मीकान्त मिश्राले भने । गत साता नै नरैनापुर क्षेत्रबाट ५६ धर्मगुरुको स्वाब संकलन गरी जाँच गरिएकामा सबैको रिपोर्ट निगेटिभ आएको छ ।

भारतबाट आउने कामदारका कारण जोखिम हुन सक्ने भन्दै सुरक्षा व्यवस्था कडा बनाइएको इलाका प्रहरी कार्यालय भगवानपुरका इन्चार्ज मानबहादुर बिसीले बताए ।

### नेपाली...

९ सय रिंगिट लाग्ने भए पनि उक्त रकम सामाजिक सुरक्षा कोष (सोस्को) को कोषबाट खर्च गरिने भएका कारण कामदारहरुले कुनै शुल्क तिर्न पर्दैन ।

उता ठूलो संख्यामा नेपाली कामदार रहेको मुलुक युएईमा एकैदिन २२ जना नेपाली महिला कामदारमा संक्रमण देखिएको छ । संक्रमितहरु शारजहाँस्थित एक क्लिनिङ कम्पनीमा कार्यरत क्लिनर कामदार हुन् । ६१ जना महिला कामदारहरुमा कोभिड-१९ पोजिटिभ देखिएकोमध्ये २२ जना नेपाली महिला कामदारहरु संक्रमित पोजेटिभ भेटिएको बताइएको छ । संक्रमण भेटिएको कम्पनीमा करीब सय नेपाली महिला क्लिनरको काममा रहेको समेत बताइएको छ । शनिवारसम्म १६ हजार ७ सय ९३ संक्रमित रहेको युएईमा १ सय ४७ जनाको मृत्यु भएको छ । एकसय ४९ जना नेपाली कोरोना संक्रमित भएका छन् । शनिबार नयाँ संक्रमित र मृतकको संख्या सार्वजनिक भइनसकेको भए पनि त्यहाँ शुक्रबार ५ सय ५३ नयाँ संक्रमित देखिएका थिए भने ९ जनाको मृत्यु भएको थियो ।


## गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गौर, रौतहट

### निर्माण कार्य सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मिति : २०७७/०१/२६ गते**

१. यस नगरपालिकाको तपसिल बमोजिमको निमार्ण कार्य गर्न इच्छुक फर्म/कम्पनी/संस्थाले देहाय वमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. बोलपत्र पेस गर्दा यो सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समय भित्र फर्म/कम्पनी/संस्थादर्ताको प्रमाण पत्रको प्रमाणित छायाप्रति, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित छायाप्रति, आ.व. २०७५/०७६ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित छायाप्रति र बोलपत्र फाराम दस्तुर (रकम फिर्ता नहुने गरी) वापतको रकम कार्यालयमा नै दाखिला गरी नगदी रसिद वा यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, गौर, रौतहटमा रहेको संञ्चित कोष खाता नं. १२१००३०४०१०००५ मा जम्मा गरी सो को भौचर वोलपत्र फारामको साथ संलग्न गर्नुपर्ने छ ।

३. खरिद गरिएका वोलपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समय भित्र E-bidding (www.bolpatra.gov.np/egp) को माध्यमबाट वोलपत्र दर्ता गराउन सकिनेछ ।

४. वोलपत्र फाराम साथ बोलपत्र जमानत रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, गौर, रौतहटमा रहेको खाता नं. १२१००३०३००००५ मा जम्मा गरी सो को भौचर (for bid security purposes) वा मान्यताप्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाममा जारी गरिएको वोलपत्र खोल्ने मितिबाट १२० दिन म्याद भएको बोलपत्र जमानत वोलपत्र फाराम साथ पेस गर्नुपर्ने छ ।

५. दर्ता हुन आएका वोलपत्रहरु यस कार्यालयमा वोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

६. प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएकावोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. वोलपत्र सम्वन्धी अन्य सर्तहरु वोलपत्र फाराममा उल्लेख गरे वमोजिम हुने छन् ।

८. अन्य कार्यबिधिहरु सार्वजनिकखरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुने छ ।

९. थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

| ठेक्का नं | ठेक्का/योजनाको नाम | लागत अनुमान रकम रु (भ्याट र कन्टेन्जेन्सी बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम (रु) | वोलप फाराम खरिद अवधि | वोलपत्र फाराम दाखिला अवधि | वोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| MUN/GAURMUNICIPALITY/NCB/WORKS/2076/77/2 | PCC Road, RCC Drain Construction work,Gaur Municipality Ward No.6 | ४९३०४६७५१ | ३,००० | १,३९,५०० | सूचना प्रकाशन मितिले ३० औ दिन सम्म | सूचना प्रकाशन मितिले ३१ औं दिन दिनको १२ बजे भित्र | वजे भित्र सूचना प्रकाशन मितिले ३१ औ दिन दिनको २ वजे |

# कहिले खुल्छ अमेरिका ?

**मधुकर अधिकारी/रासस–** चीनको वुहानवाट युरोपहुँदै अमेरिका भित्रिएको ठानिएको कोरोना भाइरस 'कोभिड १९' को कारणले आक्रान्त बनेको अमेरिकामा मानवीय क्षति अकल्पनीय भएको छ। यो मानवीय क्षतिसँगै एकपछि अर्कोगर्दै वन्द हुन पुगेको यहाँको व्यापार व्यवसायका कारण आर्थिक सङ्कट पनि गहिरिँदै गएको स्पष्ट देखिएको छ।



फेब्रुअरी ६ मा वाशिङ्टन स्टेट्मा कोरोना भाइरसको कारणले पहिलो अमेरिकीले जीवन गुमाइरहँदा पनि यहाँको प्रशासन या कसैले पनि राष्ट्रले यो रुपमा क्षति व्यहोर्नुपर्ला भन्ने अनुमान गरेको थिएन। तर आजभोलि गर्दै प्रतिदिन सङ्क्रमण फैलिँदै गयो र आज करिब ९० दिनको समयावधिमै अमेरिकाले आधुनिक इतिहासमा कहिल्यै भोग्नु नपरेको महासङ्कटको सामना गर्नु परिरहेको छ।

ग्रीष्मकालीन समयमा अमेरिकामा मानिसहरुको आवागमन अत्याधिक हुने गर्दछ। यो समयमा समुद्रको किनारमा गएर टहलिनु, पार्कमा गएर खानपिनसहित रमाइलो गर्नु र नदीछेउ उभिएर माछा मार्नु अमेरिकीहरुको दीनचर्या नै हो। तर मे महिनाको दोश्रो सातामा प्रवेश गर्दैगर्दा पनि अमेरिकीमा सन्नाटा कायमै छ। उनीहरु अझै कतिदिन यो अकल्पनीय अवस्थाको वन्दी बन्नुपर्ने हो भनेर विस्मित देखिन्छन्।

हजारौँ मानिसको मृत्यु भइसकेको, लाखौँमा कोरोना भाइरसको सङ्क्रमण देखा परेको, लाखौँ मान्छेको सङ्क्रमणको परीक्षण गर्न बाँकी नै रहेको र करोडभन्दा बढी वेरोजगार भएको अवस्थामा अमेरिका कहिले खुल्छ भन्ने जिज्ञासा स्वाभाविक पनि छ। अहिलेसम्म आगामी आइतवार देखि कम्तिमा ४३ वटा राज्यले आफनो नीतिलाई केही खुकुलो बनाउने जनाएका छन्। उनीहरुले पूर्ण वा आंशिक रुपमा राज्यका विभिन्न इकाइहरु सुचारु राख्ने वताएका छन्।

राष्ट्रपति डोनाल्ड ट्रम्प स्वयं पटक पटक अमेरिका वन्द हुन नसक्ने धारणा सार्वजनिक गरिरहनु भएको छ। केही व्यक्तिहरु स्वतन्त्रता वहाली गर भन्दै राज्यका राजधानी उत्रिने गरेका छन्। केही दिन अगाडि मात्र मेरिल्याण्डमा प्रदर्शनमा उत्रिएकाहरुप्रति खरो टिप्पणी गर्दै अमेरिकामा रहेका गभर्नरहरुको एशोसियसनका अध्यक्ष ल्यारी होगानले प्रर्दशनीमा उत्रिएका भन्दा वढी व्यक्ति एकै दिन दिवंगत भएका छन् भनेर आलोचना गरेका थिए।

क्यालिफोर्नियाका गभर्नरले केही सामुद्रिक किनाराहरु तोकिएको मापदण्ड पुरागरी खुला गर्ने, कपडा पसल तथा पुस्तक पसलहरु खोल्ने जनाएका छन्। तर त्यसको लागि मानिसहरु बीचको भौतिक दुरी भने कायम राख्नुपर्नेछ। पर्यटकीय राज्यको रुपमा रहेको फ्लोरिडा यसै साताबाट प्रसिद्ध सामुद्रिक किनारा खुला गराउने भएको छ भने ती ठाउँहरुमा भएका रेष्टुरेन्ट २५ प्रतिशत क्षमतामा ६ फिट दुरी कायम गरी टेवुलहरुको व्यवस्था गर्नुपर्ने छ। तर जीम, हेयर शैलुनजस्ता सेवा खुला गर्न पाइने छैन।

मेरिल्याण्डका गभर्नर ल्यारी होगानले आफनो सार्वजनिक वक्तव्यमा पुनर्निर्माणको लागि मजवुत आधारशीला तयार पार्दै व्यवसाय पुन सञ्चालनको लागि सुरक्षित अवस्थाको पर्खाइमा रहेको बताएका छन्। मेरिल्याण्डका विद्यालयहरु अगष्ट सम्मलाई वन्द गरिएको छ।

यसरी विभिन्न राज्यहरुले आर्थिक क्षतिलाई मध्यनजर गर्दै घरमा नै बस्नुपर्ने वाध्यकारी प्रावधानलाई खुकुलो वनाउने निर्णय गरेको भए पनि कुनैले पनि ह्वाइट हाउसले जारी गरेका मार्गनिर्देशनहरुको मापदण्ड भने पूरा गर्न सकेका छैनन्।

कोरोना भाइरसको इपिसेन्टरको रुपमा रहेको न्युयोर्कका गभर्नर एन्ड्रियु क्युमोले आफ्ना नागरिकहरुलाई सचेत रहन आग्रह गर्दै भने- "सन् १९१८ मा फैलिएको महामारीको वेलामा पहिलो भन्दा दोश्रो चरणको मृत्युदर उच्च रहेको थियो। त्यसैले यसलाई कुनै ठट्टाको रुपमा लिइनु हुदैन।" हुनपनि न्युयोर्कमा न्युयोर्क प्रहरी, 'सव-वे'मा काम गर्नेहरुको समेत कोरोना भाइरसको कारणले निधन भएको छ। न्युयोर्कले अत्यावश्यक वाहेकको सेवा आगामी मे १५ सम्म पूर्ण रुपमा वन्द गराउने निर्णय गरिसकेको छ।

न्युयोर्क राज्य इपिसेन्टरको रुपमा रहेकोले उसले आफ्ना छिमेकी राज्यहरु न्यूजर्सी, कनेक्टिकट, पेन्सलभेनिया, डेलावर, रोडे आइल्याण्ड राज्यसँग समन्वय गर्दै खुकुलो नीति अवलम्वन गरिने जनाएको छ। उता न्युजर्सीले भने यसै साताबाट स्टेट पार्क, गल्फ क्लवहरु खुलागर्ने निर्णय सार्वजनिक गरेको छ। तर स्वास्थ्य सङ्कटकाललाई एक महिना सम्मको लागि लागूहुने भन्दै मे ६ तारिखमा नयाँ सूचना जारी गरिएको छ।

खासमा पहिलो पटक घरमै बस्ने आदेश जारी गर्ने वेलामा राज्यका गभर्नरहरुले अत्यावश्यक सेवा वाहेकको सेवामा कामगर्ने सवैक्षेत्र र निकाय वन्द गर्ने आदेश दिए। त्यसको कडाइका साथ पालना हुन सकेन। त्यसले गर्दा विश्वको दशौँ ठूलो जनघनत्व भएको न्युयोर्क शहर कोरोना भाइरसको कारणले आक्रान्त वन्यो।

लस एञ्जलसले शुक्रबारदेखि गल्फ कोर्स, कारका डिलर र उपहारका पसलहरु खोल्ने जनाएको छ। उक्त काउन्टीका अधिकारीहरुले अत्यावश्यक वाहेकको सेवा सुचारु गर्नको लागि अनेकन मापदण्डहरु तयार पारिने जनाएका छन्। क्यालिफोर्निया राज्यको ठूलो शहरको रुपमा रहेको लस एञ्जलसमा कोरोना भाइरसको कारणले १ हजार ३६७ जनाको ज्यान गएको थियो।

खासगरी स्वास्थ्य क्षेत्रका विज्ञ तथा वैज्ञानिकहरुले कम्तिमा पनि दुई हप्तासम्म निरन्तर नयाँ सङ्क्रमितहरु देखानपर्ने अवस्था आएको खण्डमा कन्ट्याक्ट ट्रेसिङ् गर्दै परीक्षणको दायरा विस्तार गर्नुपर्ने भन्दै आएका छन्। राज्यहरुले खुकुलो वनाउने नीति लिएको भएता पनि यसले कस्तो असर पार्छ भन्नको लागि केही हप्ता कुर्नुपर्ने अवस्था आउने छ। बुधवारसम्म अमेरिकामा १२ लाख मानिस सङ्क्रमित भएका छन् भने ७३ हजारको निधन भएको छ।

अमेरिकामा शहर खोल्नको लागि हतार गरिएको भएपनि कोरोना भाइरस सम्बन्धी नमूनाको वारेमा अध्ययन गरेको युनिभर्सिटी अफ वाशिङ्टनको इन्स्टिच्युट् अफ हेल्थ मेट्रिक्स एण्ड इभ्यालुशनले १ लाख ३४ हजार व्यक्तिको हताहत हुने प्रक्षेपण गरेको छ। यस अगाडि कोरोना भाइरस सम्बन्धी तथ्याङ्क राख्दै आएको मेरिल्याण्डको जोन्स हप्किन्स युनिभर्सिटीले दैनिक दुई हजार व्यक्तिले भाइरसका कारण जीवन गुमाउनु परेको तथ्याङ्क सार्वजनिक गरेको थियो।

कोरोना भाइरसको कारणले सामाजिक, आर्थिक र राजनैतिक रुपमा आगामी दिनमा पार्ने प्रभावको वारेमा ठोस अवधारणा आइसकेको छैन्। सन् २०२० अमेरिकाको राष्ट्रपतीय चुनावको वर्ष पनि भएकाले राजनीतिक हिसावले पनि यो मुद्दा निकै पेचिलो वन्ने सम्भावना प्रवल देखिन्छ। तसर्थ अहिले अमेरिकामा लकडाउनको अवस्था खोल्नुपर्ने भनेर अनेकन कोणवाट आवाज उठिरहेको छ।

अमेरिकाको पचासै वटा राज्यमा फैलिएको कोरोना भाइरसले हरेक अमेरिकीको दैनिकी पूर्ण रुपमा परिवर्तन भएको छ। ठूला र वहुराष्ट्रिय कम्पनीहरुले घरबाट काम गराएर केही कर्मचारीहरुलाई सुविधा दिएको भएपनि सेवामूलक उद्योग र पर्यटन क्षेत्रको व्यवसाय वन्द अवस्थामा पुगे। जसको चक्रीय असर अर्थतन्त्रामा परेको छ।

साना व्यवसाय सम्बन्धी तथ्याङ्क राख्दै आएको सरकारी निकायको तथ्याङ्कअनुसार चौबीसै घण्टा ७ दिन सेवा दिन व्यवसाय वन्द भएका छन्। अमेरिकामा साना व्यवसायको सङ्ख्या तीन करोड सात लाखको सङ्ख्यामा रहेको र त्यसमा पाँच करोड ९९ लाख जनशक्तिले कामगर्दै आएका छन्। यसले साना व्यवसाय झन् चौपटमा परेको देखिएको छ। अमेरिकाको अर्थतन्त्रमा क्यालिफोर्निया राज्यको मात्र १४ दशमलव ३ प्रतिशतको योगदान रहेको छ भने न्युयोर्कको ७ दशमलव ८ प्रतिशत रहेको छ। यी दुई राज्यमा कोरोनाको सङ्क्रमणले पारेको असरले गर्दा पनि अर्थतन्त्र निकै गहिरो सङ्कटमा जानसक्ने स्पष्ट भएको छ। तथापि सरकारले ल्याएको राहत प्याकेज २२ खर्ब डलरको कारणले अनलाइन व्यवसाय भने यस्तो महासङ्कटको वेला पनि फष्टाएको छ।

अहिले अमेरिकाको संयन्त्र अमेरिकालाई सुरक्षित तरिकाले कसरी खुला गर्न सकिन्छ भन्नेमा केन्द्रित भएको देखिन्छ। एकथरि विश्लेषकहरुले भने यसको भ्याक्सिन नबनेसम्म खोल्न नहुने तर्क गरिरहेका छन् भने अर्को अवधारणाअनुसार पर्याप्त परीक्षणको व्यवस्था गरेर अब खोल्न ढिलो गर्न हुदैन भन्ने छ। त्यसैले यहाँ अनेक तयारीहरु जारी नै रहेको भएपनि अहिले नै अमेरिका खुलेर पूर्ववत अवस्थामा फर्किन्छ भन्ने आँकलन गर्न भने कसैले पनि सकेका छैनन्।

## फुटबलमा ५ खेलाडी परिवर्तन गर्न पाइने



**काठमाडौं, एजेन्सी–**फुटबलमा ५ खेलाडी परिवर्तन सम्बन्धी नयाँ नियम पारित भएको छ। फुटबलको नियम बनाउने संस्था इन्टरनेशनल फुटबल एसोसिएसन बोर्ड (आईएफएबी) ले खेलाडीको सुरक्षाका लागि यो नियम लागू गरिएको जनाएको छ।

आईएफएबीका अनुसार कोरोना भाइरसको महामारीपछि फुटबल शुरु हुँदा टिमले ५ खेलाडी परिवर्तन गर्न पाउनेछन्। कोरोना महामारीले गर्दा फुटबल अहिले स्थगित छ र अब फुटबल फेरि शुरु हुँदा खेलाडीको फिटनेस कायम राख्न अस्थायी रुपमा नियम परिवर्तन गरिएको हो। आईएफएबीले फिफाको आग्रहमा नियम परिवर्तन गरिएको र यही वर्ष ३१ डिसेम्बर सम्म सकिने प्रतियोगिताको लागि मात्र यो लागू हुने जनाएको छ। यसको अर्थ यही सिजनका बाँकी खेलहरु र च्याम्पियन्स लिग फेरि शुरु भए यो नियम लागू हुनेछ। २०२०-२१ को सिजनमा यो लागू हुने छैन।

# प्रतिबन्ध हटाउन अस्ट्रेलियामा तीन चरणको योजना



**क्यानबेर्रा, एजेन्सी–** अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मरिसनले शुक्रबार दिउँसो अस्ट्रेलियामा लगाइएको कोरोना भाइरस प्रतिबन्ध हटाउन तीन चरणको योजना घोषणा गरेका छन्। प्रधानमन्त्री र राज्य क्षेत्रका नेताहरु सम्मिलित राष्ट्रिय मन्त्रिपरिषद्को बैठकपछि मरिसनले अस्ट्रेलियामा जुलाईको अन्त्यसम्ममा आर्थिक गतिविधि पूर्ण रुपले सञ्चालनमा ल्याइने योजना सार्वजनिक गरेका हुन्। पहिलो चरणमा रेस्टुरेन्ट र क्याफेहरू पुनः खोल्न अनुमति दिइने बताइएको छ। पारिवारिक

जमघटमा पाँच जनासम्म भेला हुन दिइने भएको छ। बाह्य क्रियाकलापमा १० जनाको समूह जम्मा हुन पाइने अनुमति दिइनेछ। मरिसनले प्रत्येक चरणको कार्यान्वयन हुने बेला राज्य र प्रदेश सरकारले निर्णय गर्ने बताए। कोभिड १९ बाट नष्ट भएको अर्थतन्त्र र समाज पुनः हासिल गर्न तीन चरणको योजना र राष्ट्रिय ढाँचामा राष्ट्रिय मन्त्रिपरिषद्ले सहमति जनाएको उनले बताए। आगामी जुलाईको अन्त्यसम्म सुरक्षित अर्थतन्त्र प्राप्त गर्न यी सबै चरणहरू पार गर्ने लक्ष्य भएको प्रधानमन्त्रीले बताएका छन्। सरकारले सर्वाजनिक गरेको दोस्रो चरणको योजनामा अधिकतम २० जनासम्म भेला हुन दिइने, केही व्यक्तिलाई अन्तर्राष्ट्रिय यात्राको लागि अनुमति दिइने र जिम, चलचित्र भवन र ब्यूटी पार्लरहरू खोल्न दिइने बताइएको छ। तेस्रो चरणमा अस्ट्रेलियाको जनजीवन पूर्ववत रुपमा फर्काउने प्रधानमन्त्री मरिसनको योजना रहेको छ।

# भारतमा कोरोनाबाट ५९ हजार बढी संक्रमित



**नयाँदिल्ली, एजेन्सी–** भारतमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमितको संख्या शनिबारसम्म ५९ हजार ६६२ जना पुगेको छ। गत २४ घण्टामा भारतमा थप ३ हजार ३२० जना कोरोना भाइरस संक्रमित भएका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा भारतमा कोरोना भाइरसको संक्रमणबाट ९५ जनाको मृत्यु भएको र यससँगै भारतमा यस प्रकोपबाट. मृत्यु हुनेहरुको सख्या १ हजार ९८१ जना पुगेको छ।

यस संक्रमणबाट निको भएका विरामीको संख्या १७ हजार ८४७ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। भारतमा शनिबार बिहानसम्मको तथ्याङ्कअनुसार हाल यो रोगका ३९ हजार ८३४ जना संक्रमितहरु अस्पतालमा उपचार गराइरहेका छन्। कोभिड-१९ बाट सबैभन्दा बढी महाराष्ट्रका नागरिक संक्रमित भएका छन्। यहाँमात्र १९ हजार ६३ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन्। महाराष्ट्रपछि गुजरात दोस्रो स्थानमा रहेको छ। त्यहाँ ७ हजार ४०२ जनामा कोरोना भाइरसको संक्रमण रहेको छ। दिल्लीमा कोरोना भाइरसको संक्रमणबाट ६ हजार ३१८ जना विरामी छन्।

कोराना भाइरसको (कोभिड-१९) को संक्रमण फैलिने क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी लकडाउनलाई थप दुइ साताको लागि लम्बाएको छ। भारतले शुक्रबार मे ४ देखि लागू हुने गरी थप दुइ साताको लागि तेस्रो चरणको लकडाउन गर्ने निर्णय गरेको थियो।

भारतमा पहिलो चरणको लकडाउन २४ मार्चमा लगाइएको थियो। दोस्रो लकडाउन १५ अप्रिलमा शुरु भएको थियो। दोस्रो लकडाउन मे ३ मा सकिदै थियो। कोरोना भाइरसको संक्रमण देशभरी बढ्दै गएपछि दोस्रो लकडाउन नसकिदै तेस्रो लकडाउन मे १७ सम्मको लागि घोषणा गरिएको थियो।


प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात पूर्वाधार निर्देशनालय**

**पूर्वाधार विकास कार्यालय**

उदयपुर, गाइघाट

प्रदेश नं.१ नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०७७।१।२८

यस कार्यालयको लागि चालु आ.व.२०७६।०७७ को स्विकृत बार्षिक कार्यक्रम अनुसार सडक तर्फ तपसिल बमोजिमका ठेक्काहरुका लागि मिति २०७६।११।२२ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-Submisission बाट दर्ता भई तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि आजैको मिति देखि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कवोल रकम (मु.अ.कर र पि.एस.आइटम समेत) रु. |
|---|---|---|---|---|
| १. | IDO/UDA/NCB/W/26/076-77 | Upgrading of Baksila-Saptesar-kaadel-Jalpa Road, khotang | Rujan k. Nirman Sewa pvt. ltd. | 77,62,015.20 |
| २. | IDO/UDA/NCB/W/27/076-77 | Upgrading of Gaighat-Murkuchi-Limchungbung-Halesi Road,Udayapur (Puwarebhanjyang- limchunbung Section) | Jaya Hanuman Adarsha Nirman Sewa | 73,36,073.02 |
| ३. | IDO/UDA/NCB/W/28/076-77 | Upgrading of Cityhall-Madibas-Gangate-Bhorelene Road, Udayapur | Autari Nirman Sewa | 41,15,986.58 |
| ४. | IDO/UDA/NCB/W/29/076-77 | Upgrading of Beldobhan- Letang Chilaunebhanjyang-Tallo Ranibas Road, Udayapur | Rohini Construction Pvt. Ltd. | 49,17,414.80 |

कार्यालय प्रमुख



**आमाछोदिङमो गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेँसी, रसुवा

बागमती प्रदेश, नेपाल

**शीलबन्दी बोलपत्र संशोधन सम्बन्धी सूचना**

(पुनः प्रकाशित मिति :- २०७७/०१/२८)

यस कार्यालयबाट मिति २०७७०१।१८ र १९ मा आव्हान गरिएको शीलबन्दी बोलपत्र सम्बन्धी सूचनामा अन्य बुँदा/शर्त यथावत राखी देहायबमोजिमको संशोधन आवश्यक भएकाले सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

| ठेक्का नं. | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने / खोल्ने अन्तिम मिति | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|
| ०२।२०७६।०७७ | २०७७।०२।१६ | २०७७।०२।१८ | १,७०,०००।- |
| ०३।२०७६।०७७ | | | २,११,०००।- |
| ०४।२०७६।०७७ | | | १,३५,०००।- |

नोट : माथिका सबै ठेक्काको बुँदा नं. ११, औसत कार्यानुभव र आर्थिक क्षमताको विवरण हटाइएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७

४ | मध्यान्ह | आर्थिक | २८ बैशाख २०७७, आइतबार, 10 May 2020, Sunday

# कृषि क्षेत्रलाई प्राथमिकतामा राख्न आर्थिक पत्रकारको माग

मध्यान्ह संवाददाता
काठमाडौं, २७ बैशाख

अर्थ समिति आगामी आर्थिक वर्षको बजेटमा कृषि उत्पादनका क्षेत्रलाई प्रथामिकता दिनुपर्ने आर्थिक पत्रकारहरुले सरकारलाई सुझाव दिएका छन् । शनिबार संसदको अर्थ समितिमा भएको छलफलमा पत्रकारहरुले उत्पादनका क्षेत्रलाई पहिलो प्राथमिकतामा राख्दै साना तथा मझौता उद्योगिहरुका लागि राहतका कार्यक्रम ल्याउन सुझाव दिएका छन् ।

गरिबीको रेखामुनि रहेका कृषकहरुलाई पूर्ण रुपमा अनुदान दिनुपर्ने, किसानका उत्पादन किन्ने ग्यारेण्टी सरकारले गर्नुपर्ने सुझाव पनि उनीहरुको छ । नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष भीम गौतमले संघ, प्रदेश र स्थानीय सरकारले कृषि क्षेत्रमा कम्तिमा २० प्रतिशत बजेट छुट्याउनुपर्ने बताए ।

कृषिका लागि आवश्यक मल, विउ र उपकरण खरिदमा ५० प्रतिशत छुटको व्यवस्था गर्नुपर्ने सुझाव उनले दिए । साना तथा मझौला उद्योगहरुलाई सरकारले



६ महिनासम्मको भाडा बाफतको रकम सतप्रतिशत अनुदान दिनुपर्ने, ब्याजमा लाग्ने जरीवाना ६ महिनासम्म नलाग्ने व्यवस्था गर्न पनि उनले सुझाव दिए । बाइट...भीम गौतम अध्यक्ष, नेपाल आर्थिक पत्रकार समाज नेपाल आर्थिक पत्रकार संघका अध्यक्ष सिताराम कोइरालाले अनावश्यक खर्च कटौतीतर्फ सरकारले ध्यान दिनुपर्ने बताए ।

कोरोनाले अर्थतन्त्रमा पार्ने महासंकटको पूर्वानुमान र प्रक्षेपण अहिले गरेर पूर्ण तयारी गर्ने औजारको रुपमा बजेटको सदुपयोग गर्नुपर्ने उनले बताए । बजेटको आकार घटाएर आवधिक योजनाको प्राथमिकतामा परिमार्जन गर्नुपर्ने सुझाव उनले दिए ।

नेपाल आर्थिक पत्रकार संघका अर्का पत्रकार रोयल आचार्यले बैंक तथा वित्तिय क्षेत्रले कृषि क्षेत्रमा कुल लगानीको १० प्रतिशत खर्च गर्नुपर्ने प्रावधानलाई कडाईका साथ लागु गर्नुपर्ने बताए । कोरोना महामारीको बेला मात्रै नभएर सधैका लागि कृषि उत्पादनको ढुवानीमा पनि राज्यले ५० प्रतिशत दिने व्यवस्था गर्नुपर्ने बताए ।

पत्रकार छलफलमा पूर्व अर्थमन्त्री ज्ञानेन्द्र कार्कीले जलविद्युत विकासको क्षेत्रमा आकार्षित गर्नेतर्फ ध्यान दिनुपर्ने बताए । २ खर्ब १६ अर्ब बढीको पेट्रोलियम पदार्थ आयात गर्नुपर्ने अहिलेको अवस्थालाई जलविद्युतको विकासले विस्थापित गर्नुपर्ने बताए ।

पूर्व अर्थमन्त्री पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेले अझै सञ्चारमाध्यमले सरोकारवालाहरुसँग बसेर प्राथमिकताका क्षेत्र छुट्याएर सुझाव दिए सरकारलाई भन्न सकिने अवस्था आउने बताए । समितिले शनिबार कोरोनाले अर्थतन्त्रमा पारेको प्रभाव र आगामी बजेटका प्राथमिकताका विषयमा सञ्चार क्षेत्रसँग छलफल गरेको हो ।

# लामो लकडाउनले पर्यटन व्यवसाय चौपट



**काठमाडौं, रासस-** वसन्त ऋतुको आगमनसँगै मुलुककै उत्कृष्ट पर्यटकीय गन्तव्य श्रीअन्तु र सन्दकपुरबाट सूर्योदय र सूर्यास्तको दृश्य हेर्न स्वदेशी र विदेशी पर्यटक झुम्मिने बेला हो यो ।तर इलामको श्रीअन्तु र सन्दकपुरलगायत उत्कृष्ट पर्यटकीय गन्तव्य यतिबेला सुनसान छ । न यहाँ पहिले पहिले यही समयमा लाग्ने पर्यटकको ओइरो देखिन्छ, न त मानिसको भिडभाड । इलाम पर्यटकीय क्षेत्रमा उत्कृष्ट गन्तव्य हो । जहाँ मुलुककै उत्कृष्ट पर्यटकीयस्थलमा पर्ने श्रीअन्तुबाट सन्दकपुरसम्म पर्दछन् । जुन गन्तव्यहरु सूर्योदय र सूर्यास्तका लागि अब्बल मानिन्छन् ।

तर कोरोना भाइरसका कारण भने अहिले पर्यटकको सङ्ख्या शून्य छ । पर्यटकको बाक्लो नै उपस्थिति हुने यस बेलामा पर्यटक नहुँदा सबै होमस्टे र होटल सुनसान छन् । पर्यटकीय क्षेत्रहरु कन्याम, श्रीअन्तु, पशुपतिनगर, फिक्कलका साथै सन्दकपुर, पानीटार कुइभिर ढाप पोखरीजस्ता क्षेत्र सुनसान भएको पर्यटन व्यवसायी बताउँछन् ।

भारतीय बाटो भएर आउने पर्यटक शून्यजस्तै भएका छन् । वनभोज र भ्रमणमा आएका पर्यटकले भरिभराउ हुने कन्याम सुनसान भएपछि त्यहाँ व्यवसाय गर्ने व्यवसायीलाई हातमुख जोर्न समस्या पर्न थालेको छ । कन्यामका होटल सञ्चालक टेकराज गिरीले पर्यटक आउन छोडेको एक महिनाभन्दा बढी भएको बताए ।

उनले भने, 'कोरोना सङ्क्रमणको जोखिम बढेसँगै जिल्लाका धार्मिक गन्तव्य र पर्यटकीय स्थल सुनसान बन्न थालेका छन्। फागुन सुरु भएपछि झुल्के घाम हेर्न र सूर्योदयको दृश्यावलोकनका लागि आउनेको ताँती हुन्थ्यो । तर यसपालि सुनसान छ ।' कन्याममा १०० व्यावसायिक ट्रली-ठेला सञ्चालनमा रहे पनि पर्यटकको चाप घटेपछि १५/२० मात्र सञ्चालनमा रहेको स्थानीय व्यवसायी गोपाल गिरीले जानकारी दिए । पर्यटक आउन छाडेपछि ठेला व्यवसायीले नगरपालिकालाई बुझाउनुपर्ने कर तिर्नसमेत समस्या पर्न थालेको व्यवसायी बताउँछन् ।

झुल्के घाम हेर्न र सूर्योदयको दृश्यावलोकनका लागि दैनिक हजारौं पर्यटक पुग्ने अन्तुडाँडा पूरै सुनसान भएको स्थानीय व्यवसायी रुद्र घिमिरेले जानकारी दिए। कन्याम, अन्तु, फिक्कल बजार, इलाम बजार, सन्दकपुरजस्ता पर्यटकीय क्षेत्रका होटलसमेत धरासयी बन्ने अवस्थामा पुगेको होटल व्यवसायी सङ्घ इलामका अध्यक्ष देवी पौडेलले जानकारी दिए ।

पर्यटक नआएका कारण धार्मिकस्थलसमेत यतिबेला सुनसान छन् । कोरोनाका कारण बन्दाबन्दी भएदेखि पर्यटक आउनै छाडेको इलामको प्रसिद्ध धार्मिकस्थल माइपोखरीका पुजारी तुलाराम पौडेलको भनाइ छ । गत वर्ष इलाममा झण्डै एक लाख पर्यटक इलाम घुम्न आएको भए पनि यस वर्ष भने सो सङ्ख्यामा ह्रास आउने अनुमान छ ।

# व्यावसायिक पहलद्वारा एक हजार पीपीई हस्तान्तरण



**काठमाडौं/मस-**राष्ट्रिय व्यावसायिक पहलले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टलाई रु ३० लाख बराबरको स्वास्थ्य सामग्री उपलब्ध गराएको छ । सिंहदरबारस्थित उनको कार्यकक्षमा पुगेर सो सस्थाका महासचिव सुरेन्द्रवीर मालाकारले व्यक्तिगत सुरक्षा सामग्री (पिपिइ) एक हजार थान आज उपलब्ध गराइएको हो ।

ती स्वास्थ्य सामग्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आवश्यकता हेरी सातै प्रदेशमा हस्तान्तरण गर्ने जनाइएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भट्टले वर्तमान चुनौतीपूर्ण घडीमा निजी क्षेत्रले शुरुआती चरणदेखि नै आर्थिक सहयोग, राहत सङ्कलन तथा वितरणमा पुऱ्याउँदै आएकोमा बताए ।

उनले प्राप्त स्वास्थ्य सामग्रीले कोरोनाको जाखिम नियन्त्रणमा महत्वपूर्ण सहयोग पुग्ने बताए । मन्त्री भट्टले कोरोनाका कारणले बन्द भएका उद्योग कसरी पूर्ववत अवस्थामा चलाउन सकिन्छ भनेर आवश्यक पहल भइरहेको जानकारी दिदै निजी क्षेत्र र सरकारबीच हातेमालो गरेर अगाडि बढ्न आफूहरू तयार रहेको उल्लेख गरे ।

सो सस्थाका अध्यक्ष कुशकुमार जोशीले मुलुक अहिले कोरोना भाइरसको कारण सिर्जित सङ्कटपूर्ण अवस्थाले निजी क्षेत्रका सम्पूर्ण गतिविधि अवरुद्ध हुँदा आर्थिक सामाजिक विकासको गति ठप्पप्राय: भएको बताउँदै अविलम्ब एकीकृत राहतका कार्यक्रम ल्याइ अर्थतन्त्र चलायमान बनाउनेतर्फ सरकारको ध्यानाकर्षण गराए ।

मुलुकको दिगो विकास र सामाजिक उत्तरदायित्वको क्षेत्रमा सरकारसँग हातेमालो गर्दै करिब दुई दशकदेखि क्रियाशील सो सस्थाले यसका अतिरिक्त कार्यस्थलसम्बन्धी प्रकाशनलगायत अन्य सचेतनात्मक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । भविष्यमा पनि आफनो सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिइने र बन्द भएका उद्योग व्यवसाय सुरक्षित तरिकाले पूर्ववत अवस्थामा चलाउन सरकारले पनि सहजीकरणको भूमिका खेल्नुपर्नेमा उनले जोड दिए ।

संस्थाका संस्थापक अध्यक्ष पद्म ज्योतिले पनि बन्द भएको उद्योग पूर्ण सञ्चालन गर्न सरकार, उद्योगी तथा कर्मचारीसँग सल्लाह गरी ठोस योजना ल्याउनुपर्ने धारणा राख्नुभयो । पहलका सदस्य उमेश श्रेष्ठले विषम परिस्तिथिमा सरकार, उद्योग र मजदुर सङ्घका प्रतिनिधि बीचमा छलफल गरी के-कसरी मजदुरको सुरक्षा गर्न सकिन्छ भन्ने विषयमा सरकारको ध्यानाकर्षण गराए । स्वास्थ्य सामग्री हस्तान्तरण समारोहमा उद्योग सचिव चन्द्र घिमिरे तथा वाणिज्य सचिव बैकुण्ठ अर्यालगायतको उपस्थिति थियो ।

# छहारीलाई हिमाली ट्रष्टको सहयोग


**बूढानीलकण्ठ/मस-**बूढानीलकण्ठ नगरपालिका वडा नं ७ हात्तीगौँडास्थित छहारी भवनबाट दैनिक वितरण हुँदै आएको नि:शुल्क भोजन अभियानलाई हिमाली ट्रष्टले सहयोग गरेको छ । कोभिड-१९ को जोखिम हुन नदिन लकडाउन जारी रहँदा समस्यामा परेका मजदुर तथा विपन्न वर्गलाई सो भवनबाट नि: शुल्क भोजनको व्यवस्था मिलाइएको छ ।

उक्त ट्रष्टले ७४ बोरा चामल सहयोग गरेको छहारी संस्थाको अध्यक्ष लिली थापाले जानकारी दिए । उहाँका अनुसार नि:शुक भोजन अभियान शुरु भएको २३औं दिनसम्म २५ हजार विपन्न नागरिकलाई भोजन उपलब्ध गराइसकेको छ । यो अभियानलाई लकडाउन अवधिभर जारी राख्ने बताइएको छ । ट्रष्टले विभिन्न संस्था तथा व्यक्तिलाई वितरण गरेको सामग्री खाद्य तथा स्वास्थ्य रहेको छ । यस्तै कोषले आर्यघाटमा रहेर शव व्यवस्थापनमा खटिएका कर्मचारीलाई पिपिइ, मास्क र स्यानिटाइजर वितरण गरेको छ । ट्रष्टले कालीमाटी फलफूल तथा तरकारी बजार, नक्साल, चावहिल, जोरपाटी, कोटेश्वरमा रहेको व्यापारीलाई मास्क, पञ्जा, डिसइन्फेक्सन र स्प्रे वितरण गरेको थियो । यसैगरी पशुपति क्षेत्र विकास कोषलाई २० बोरा चामल, ४०० केजी दाल र एकल महिलाका लागि काम गर्दै आएको छहारी संस्थालाई ७४ बोरा चामल वितरण गरेको छ ।

# तालीम र गोष्ठीको बजेट कोरोना कोषमा

**घोराही/मस-**कोरोना संक्रमणका कारण लामो समयदेखिको बन्दाबन्दीले जनतालाई राहत वितरण गर्नुपर्ने भएपछि दाङका स्थानीय तहले राहत कोष बढाएका छन् । पालिकाले चालु आर्थिक वर्षमा छुट्याएको लक्षित वर्ग, विभिन्न सचेतनाका कार्यक्रम, तालीम, गोष्ठी, सेमिना र सीपमूलक कार्यक्रमका बजेट कोरोना राहत कोषमा रकमान्तर गरेका छन् । गत चैत दोस्रो सातादेखि शुरु भएको राहत वितरण यही वैशाखको अन्तिम सातासम्म चलिरहेको छ ।

भारतसँग सीमा जोडिएको गडवा गाउँपालिकाले बन्दाबन्दीपछि पालिकाभित्र बसोवास गर्ने करीब तीन हजार घरधुरीलाई राहत वितरण गरेको छ । पालिकाका अध्यक्ष सहजराम यादवका अनुसार राहतका लागि पालिकासँग छुट्टै पैसा नभएपछि



सामाजिक सचेतना र लक्षित वर्गको बजेट कोरोना कोषमा जम्मा गरेर राहत वितरणमा खर्च गरिएको छ । बबई गाउँपालिकाका प्रमुख भुवनेश्वर पौडेलले पालिकाले पहिलो चरणमा माग आएका सबै विपन्न परिवारलाई राहत वितरण गरेको बताए । वडामा गठन गरिएका विपद् व्यवस्थापन समितिका सिफारिसमा राहत वितरण गरिएको जनाइएको छ । तुलसीपुर उपमहानगरका प्रवक्ता श्याम डाँगीले चालु आवमा गर्ने भनिएको तालीम, गोष्ठी र सेमिनारमा खर्च हुने बजेट विपद् व्यवस्थापन कोषमा जम्मा गरिएको जानकारी दिए । कर्मचारीका तलब केही प्रतिशत काटिएको र देशविदेशबाट समेत सहयोग आएको छ । सोही कारण उपमहानगरले अन्य पालिकाभन्दा धेरै जनतालाई राहत वितरण गरेको उनको भनाइ छ । पालिकाहरूले अहिलेसम्म करीब २० हजार विपन्न परिवारलाई राहत वितरण गरिसकेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार दाङमा करीब एक लाख २० हजार घरपरिवारको बसोबास छ । त्यसमध्ये आर्थिक अवस्था नाजुक भएकालाई राहत वितरण गरिएको विपद् व्यवस्थापन एवं एकद्वार संकट व्यवस्थापन प्रणालीका प्रमुख विश्वप्रकाश अर्यालले जानकारी दिए ।

# सामाजिक सुरक्षा भत्ता गाउँ-गाउँबाट वितरण

**मुग्लिन/मस-**चितवनको एकमात्र गाउँपालिका इच्छाकामना गाउँपालिकाले सातवटै वडाका गाउँ गाउँमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण शुरु गरेको छ । सामाजिक दूरी कायम गर्दै वडाध्यक्ष ,सचिवलगायत कर्मचारी पुगी भत्ता वितरण गरेका हुन् ।

भौगोलिक दृष्टिकोणले दुर्गम रहेका कारण वृद्धवृद्धा वडा कार्यालयसम्म भत्ता लिन आउन कठिनाइ हुने भएकाले गाउँपालिकाले सो भत्ता गाउँ गाउँमै पुगी वितरण शुरु भएको अध्यक्ष गीताकुमारी गुरुङले जानकारी दिए ।

सरकारको निर्देशनअनुसार बैंक खातामार्फत वितरण गर्ने तयारी गरे पनि लकडाउनका कारण टोल टोलमै गई सो भत्ता वितरण कार्यलाई निरन्तरता दिइएको उनको भनाइ छ । अध्यक्ष गुरुङले भने, "इच्छाकामना गाउँपालिका विकट भूगोल भएकाले विशेषगरी वृद्धवृद्धा वडा कार्यालयसम्म पनि आउन कठिनाइ हुने भएकाले हामीले गाउँ गाउँमै पुगेर भत्ता वितरण गर्ने गरिरहेका थियौं तर संघीय सरकारको निर्देशनअनुसार यस वर्षदेखि बैंक खातामार्फत वितरण गर्ने तयारी गरेका थियौं तर लकडाउनका कारण यसपटक पनि टोल टोलमै पुगेर भत्ता वितरण गरेका छौं ।" घर घरमा पुगेर स्वास्थ्य जाँच तथा जनचेतनामूलक कार्यक्रमसमेत जारी राखेको गाउँपालिकाले जनाएको छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**